# प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन
विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आशिंक
आवश्यकता पूरा गर्न प्रस्तुत

शोधपत्र

शोधार्थी
बाबुराम पौडेल
क्याम्पस क्रमाङ्क: ८८/२०६३-२०६५
परीक्षा क्रमाङ्क ३०८०००३/०६५
त्रि.वि. दर्ता नं.: ९-२-३०८-६-२००३

शिक्षा योजना तथा व्यवस्थापन विभाग
तानसेन बहुमुखी क्याम्पस
तानसेन, पाल्पा
२०६७

# सिफारिस–पत्र

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालयअन्तरगत तानसेन बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त एम.एड द्वितीय वर्षका छात्र बाबुराम पौडेलद्वारा प्रस्तुत **"प्राथमिक तहका थारु बालिकाहरुको शैक्षिक अवस्था"** विषयक शोधपत्र मेरो पूर्ण निर्देशनमा तयार गरिएको हो । उहाँले यो शोधपत्र मेरो निर्देशन र सुझाव अनुसार सम्पूर्ण कार्य पूरा गर्नुभएकोले यस शोधपत्रको मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..................................

उप प्रा. पुष्करराज रेग्मी

शोध–निर्देशक

शिक्षा योजना तथा व्यवस्थापन विभाग

मितिः २०६७/०६/१५

# स्वीकृति पत्र

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको आशिंक आवश्यकता परिपूर्तिका लागि शोधार्थी बाबुराम पौडेलद्धारा तयार पार्नु भएको **'प्राथमिक तहका थारु बालिकाहरुको शैक्षिक अवस्था'** शीर्षकमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नुभएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

१. सह–प्रा. डा. नेत्रप्रसाद न्यौपाने विभागीय प्रमुख

...............................

२. उप. प्रा. पुष्करराज रेग्मी शोध निर्देशक

..................................

३. प्रा. आनन्दमान सिंह शाक्य. बाह्य परीक्षक

................................

४. क्या. प्र. राधेश्याम ज्ञवाली सदस्य

...................................

मितिः २०६७/०७/०८

# कृतज्ञता

प्रस्तुत शोधपत्र **"प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्था"** त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र शंकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक परिपूर्ती गर्नका लागि तयार पारिएको छ । यस शोध पत्रमा थारू जस्तो पछी परेको विशेष बालबालिकाहरूको शैक्षिक अवस्थालाई हेर्न खोजिएको छ ।

यस अध्ययनको क्रममा रुपन्देही जिल्लाको गजेडी गा.वि.स. क्षेत्रका विद्यालयका प्राथमिक तहको तथ्याङ्कलाई राष्ट्रियस्तरको तथ्याङ्कसँग तुलनात्मक रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ । अध्ययनको क्रममा भेटिएका तथ्यहरूबाट निस्किएका निचोडको आधारमा विद्यमान समस्यालाई सुधार गर्न केही सुझावहरू पनि समावेश गरिएको छ । यो शोधपत्र एउटा सिमित क्षेत्रको स्थलगत अध्ययन प्रतिवेदन भए तापनि थारू जातिहरूको शैक्षिक उपलब्धिबारे अध्ययन गर्ने जो सुकैलाई पनि एउटा दरिलो स्रोत सामग्री हुने कुरामा म विश्वस्त छु ।

अन्तमा यो शोधपत्र निर्माणको कार्यमा मार्गनिर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरु श्री पुष्करराज रेग्मी प्रस्तावना लेखन तथा शोधपत्र लेखन सम्बन्धी अभिमुखी तालिम दिनुहुने त्रि.वि. केन्द्रीय क्याम्पस कीर्तिपूरका शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रध्यापक हेमराज ढकाल साथै एम.एड. कार्यक्रमका प्रमुख तानसेन बहुमुखी क्याम्पसका श्री नेत्र प्रसाद न्यौपाने ज्यूलाई अन्तर हृदयदेखि  आभार प्रकट गर्न चाहन्छु । यसै गरी यस शोधपत्र तयार गर्ने शिलसिलामा आवश्यक श्रोत र सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने अध्ययन क्षेत्रका प्र.अ.हरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक, अभिभावक संघका अध्यक्षहरू र विद्यालय परिवारप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै शोधपत्र लेखनका लागि आवश्यक स्रोत र आधार प्रदान गर्नु हुने तानसेन बहुमुखी क्याम्पस तानसेन पाल्पाका क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवाली ज्यूलाई पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु तथा घरधुरी सर्वेक्षण आवश्यक विवरण/सुचना प्रदान गर्नु हुने सम्पूर्ण गाउँ वासीलाई पनि धन्यवाद दिन चाहन्छु । व्यस्थताका वावजुत पनि शोध कार्यमा समय समयमा अमूल्य सहयोग गर्नु हुने मित्र विष्णु थापा, पवित्रा सुवेदी साथै शोधपत्र टंकन कार्य गर्न सहयोग गर्नु हुने अक्सफोर्ड प्रिन्ट एण्ड फोटोकपी सेन्टरका युवराज घिमिरेलाई पनि अर्न्तहृदयबाट धन्यवाद दिन चाहन्छु ।

**शोद्यार्थी**

बाबुराम पौडेल

# शोधसार

प्रस्तुत शोधपत्र **प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्था,** विशेषत थारू जातिका बालिकाहरूको शैक्षिक अवस्था तथा समस्याका बारेमा प्रस्तुत अध्ययन हो । यस अध्ययनको उद्देश्य नै थारू जस्तो पिछडिएको जातिको बालिकाहरूको शैक्षिक अवस्था कस्तो छ? उनीहरूको शैक्षिक समस्या के के हुन् ? अभिभावकहरूको छोराछोरी प्रतिको शैक्षिक धारणा कस्तो छ ? समस्या समाधानका उपायहरू के के हुन् भन्ने कुरा पत्ता लगाउनु हो ।

रूपन्देही जिल्लाको जगेडी गा.वि.स.का दुई वडा र ति वडाहरूमा रहेका दुई विद्यालयहरूलाई नमुनाको रूपमा लिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङ्कलाई विभिन्न राष्ट्रिय र जिल्लागत सूचकका आधारमा पाउलो फ्रेरेरे र कान्टको सिद्धान्तको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यसका साथै आवश्यक तथ्यगत जानकारीका लागि गजेडी गा.वि.स स्थीत वडा नं. २ र ४ मा घरधुरी सर्वेक्षण गरिएको छ । यस शोध कार्यमा तथ्याङ्कका लागि घरधुरी सर्वेक्षण फाराम, रुजु सूची, अन्तर्वार्ता, छलफल तथा अवलोकन अभिलेख जस्ता साधनको प्रयोग गरी प्राथमिक तथा सहायक स्रोतको उपयोग गरिएको छ । गजेडी गा.वि.स. र उक्त गा.वि.स.मा छनोट गरिएका दुई वडाहरू थारूहरूको वाक्लो उपस्थितिका कारण ती वडाहरू अध्ययनको छनोटमा परेका छन् भने यो गा.वि.स. मा सामुदायिक विद्यालय संख्या ६ वटा भएकाले तिनै विद्यालय मध्येबाट दुई वटा विद्यालयलाई समेटिएको छ । नमुना विद्यालयका थारू बालिकाहरू, बालिकाहरूका अभिभावकहरू, प्र.अ. केही शिक्षक, विद्यालय व्यवस्थापन समीतिका अध्यक्षहरू तथा शिक्षक अभिभावक संघका अध्यक्षहरू यस अध्ययनको जनसंख्या हुन् ।

अध्ययन क्षेत्रका विद्यालयमा थारू बालिकाहरूको संख्या अन्य बालिकाहरूको तुलनामा बढी देखियो तर परीक्षामा सहभागिता र उत्तीर्ण प्रतिशत अन्य जातिको बालिकाहरुको तुलनामा कम देखियो । थारूहरूका अभिभावकहरूमा अझै पनि शिक्षाप्रतिको सकारात्मक चेतना जाग्न नसकेको कारण थारू बालिकाहरूको विद्यालय छाड्ने दर बढी छ । थारू बालिकाहरूलाई गरिवि, अभिभावकहरूको अशिक्षा, सांस्कृतिक मूल्य मान्यता तथा समस्याले गर्दा विद्यालय दैनिक उपस्थितिमा समस्या  परेको र पठन पाठन कार्य थारू भाषामा नहुँदा भाषागत समस्या रहेको पाइन्छ ।

उपयुक्त समस्या समाधानका लागि विद्यालयमा दिवा खाजाको व्यवस्था, चेतनामूलक कार्यक्रम, विद्यालय पोशाकको व्यवस्था, शैक्षिक सामग्री तथा पाठ्यपुस्तकहरूको समयमै उपलब्धता भएको हुनुपर्ने साथै घरदैलो अभियान, साक्षरता, कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । विद्यालयमा देखिएको भाषागत समस्या समाधानको लागि मातृभाषामा शिक्षा दिनुपर्ने र स्थानीय थारू महिला शिक्षक नियुक्तीमा बढी जोड दिनुपर्ने देखिन्छ । जसले प्राथमिक तहका बालिकाहरूको शैक्षिक अवस्था सुधार गर्न सहयोग पुग्छ ।

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता | III |
| शोधसार | IV |
| विषय सूची | VI |
| तालिका सूची | VIII |
| संक्षेपी कृतसूची | IX |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्यता | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अनुसन्धनात्मक प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसिमा | ७ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा**

| | |
|---|---|
| २.१ सम्बन्धित सहित्यको पुनरावलोकन | ८ |
| २.२ सैद्धान्तिक ढाँचा | १० |
| २.३ शैक्षिक उपादेयता | १२ |

**परिच्छेद तीन : अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अनुसन्धानत्मक ढाँचा | १३ |
| ३.२ जनसंख्या र नमुना छौटका आधारहरु | १३ |
| ३.३ तथ्याङ्क संकलनका साधनहरु | १४ |
| ३.४ तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रिया | १५ |

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या विश्लेषण**


४.१ अध्ययन क्षेत्रको परिचय १६

४.२ थारु वालिकाहरुको भर्ना स्थिति १८

४.३ थारु बालिकाहरुको शैक्षिक उपलव्धि २३

४.४ थारु अभिभावकको आफ्ना छोरीहरुको शिक्षाप्रतिको धारणा ३३

४.५ शिक्षाको मूलधारमा थारु समुदायका वालिकाहरु समेट्ने उपायहरु ३७


**परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझावहरु**


५.१ प्राप्ति ४१

५.२ निष्कर्ष ४४

५.३ सुझावहरु ४५

**सन्दर्भ सामग्रीहरु**

**परिशिष्ट**

# तालिका सूची


| तालिका नं. | | पृष्ठ |
|---|---|---|
| १. | जनसंख्या र नमुना छनौटका प्रकृयाहरु | १४ |
| २. | थारु वालिकाहरुको भर्ना स्थिति २०६४, २०६५, २०६६ | १८ |
| ३. | थारु वालिकाहरुको उमेरगत विवरण २०६६ | १९ |
| ४. | थारु वालिकाहरुको सालगत भर्ना स्थिति | २० |
| ५. | अध्ययन क्षेत्रका वडाहरुमा ५-१० वर्षका थारु वालिकाहरुको विवरण | २० |
| ६. | थारु महिलाहरुको साक्षरता स्थिति २०६७ | २१ |
| ७. | थारु वालिकाहरुको तुलनात्मक स्थिति | २२ |
| ८. | थारु वालिकाहरुको उपलब्धि स्तर २०६६ | २४ |
| ९. | अन्य जातिका बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर २०६६ | २५ |
| १०. | थारु र अन्य वालिकाहरुको कक्षा दोहोऱ्याउने स्थिति | २६ |
| ११. | शैक्षिक सत्र २०६५ सालमा भर्ना भएका वालिकाहरुको विद्यालय छाड्नेदर | २७ |
| १२. | थारु वालिकाको तुलनात्मक शैक्षिक उपलब्धि | २८ |
| १३. | थारु वालिकाहरुको उपस्थिति | ३० |
| १४. | थारु वालिकाहरुले विद्यालयमा गर्ने क्रियाकलापको अवस्था | ३२ |

# संक्षेपी कृत सूची

| | | |
|---|---|---|
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| रा.शि.प. | : | राष्ट्रिय शिक्षा पद्धति |
| वि.स. | : | विक्रम संवत |
| उ.शि.आ. | : | उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग |
| रा.शि.प.यो. | : | राष्ट्रिय शिक्षा पद्धति योजना |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | : | शिक्षक अभिभावक संघ |
| कि.मि. | : | किलो मिटर |
| शै.स. | : | शैक्षिक सत्र |
| शै. उपलब्धि | : | शैक्षिक उपलब्धि |
| वि.स. | : | विद्यार्थी संख्या |